UNITED NATIONS
NEPAL

# प्रेस विज्ञप्ति

## लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान

**धनगढी, १ डिसेम्वर २०२२** - लैङ्गिक हिंसा विश्वव्यापी मानव अधिकारको हनन् हो। नेपालमा लैङ्गिक हिंसाबाट प्रत्येक चारमध्ये एक जना महिला तथा बालिका प्रभावित हुने गरेका छन्, यद्यपि शारीरिक वा यौनजन्य हिंसामा परेकामध्ये एक तिहाईले मात्र सहयोगको खोजी गर्ने हुँदा लैङ्गिक हिंसाको रिपोर्ट र आंकलन बास्तविक दरभन्दा कम हुने गरेको छ। संरक्षण, उपचार र न्यायमा पहुँच सीमित हुँदा अपाङ्गता, जातीयताका आधारमा विभेदको पहिल्यैदेखि सामना गरिरहेका व्यक्तिहरुको हिंसाको अनुभव अझ बढी नाजुक छ।

यस वर्ष, नोभेम्वर ३० तारिकका दिन, नेपाल स्थित संयुक्त राष्ट्रसङ्घले, सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालय, धनगढी उप-महानगरपालिक र विकास एजेन्सीका प्रतिनिधी, नागरिक समाज, गैरसरकारी संस्थाका साझेदार तथा महिला अधिकारकर्मी लगायतको सहकार्यमा धनगढी उप-महानगरपालिका कार्यालयमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा बोल्दै सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयका निमित्त सचिव श्री गणेश सिंहले लैङ्गिक हिंसा अन्त्य गर्न सबैलाई एकजुट हुन आग्रह गर्नुभयो।

लैङ्गिक हिंसा असमानताको सबैभन्दा चरम रूप हो जसले सबैका लागि दिगो बिकास हासिल गर्न नेपालको क्षमतामा गम्भीर रूपले असर पार्छ। यस अवस्थामा, यो कार्यक्रमले एक मञ्चको रूपमा महिला र बालिकाहरू विरुद्ध हिंसा रोक्न सक्रियतामा संलग्न हुन सबै सरोकारवालाहरूलाई परिचालन गर्न; राज्य, निजी क्षेत्र, संघसंस्था र अन्य दाताहरूबाट अधिक सहयोग र स्रोतहरूको लागि आह्वान गर्न; अन्तर्राष्ट्रिय मापदण्डअनुकुल महिला अधिकार अभियन्ता/अधिकारकर्मीविरुद्ध हुने हिंसा र भेदभावको रोकथाम तथा उन्मूलन गर्न संरक्षण संयन्त्रको सुदृढीकरणका लागि पैरवी गर्न सहयोग गरेको छ।

नेपालस्थित संयुक्त राष्ट्रसंघका तर्फबाट र अन्तर्राष्ट्रिय विकास साझेदार समूहको सह-अध्यक्षका रूपमा बोल्दै, नेपालका लागि युनिसेफकी प्रतिनिधि एल्के विशले "लैङ्गिक हिंसाले महिला, किशोरीका साथै यौनिक अल्पसङ्ख्यक र विशेषगरी सीमान्तकृत समुदायका व्यक्तिहरूको अधिकार, मर्यादा, सुरक्षा र स्वायत्ततालाई कमजोर बनाउँदै लगेको छ। प्रत्येक व्यक्तिको अधिकार उल्लङ्घन गर्नुका अतिरिक्त महिला र किशोरीहरूलाई उपेक्षा गर्नु भनेको सबैको प्रगति, समृद्धि र कल्याणको आधा सम्भावनालाई नकार्नु हो। त्यसैले मौनता तोड्न र स्वीकार्यताको संस्कृतिलाई सम्बोधन गर्दै महिला, किशोरी र अन्य सीमान्तकृत समुदायका सदस्यहरू विरुद्ध हुने हिंसाप्रति शून्य सहनशीलता हासिल गर्न 'समग्र समाज' को प्रयास आवश्यक छ।" बताउनु भयो।

द्विपक्षीय विकास साझेदारहरूको प्रतिनिधित्व गर्दै, युरोपियन युनियन साझेदार समूहका सहायता सह-अध्यक्ष डा मार्को गेमरले, "महिला र किशोरीहरूमाथि हुने हिंसाले उनीहरूको निष्ठा र कल्याणलाई हानि पुऱ्याउने काम गर्छ। यसले उनीहरूको स्वतन्त्रता, स्वायत्तता वा आत्मसम्मानलाई चोट पुऱ्याउँछ। विश्वभरका महिला र किशोरीहरू विरुद्ध हुने लैङ्गिक हिंसाको रोकथाम र अन्त्यका लागि हाम्रो आवाजलाई अझ सशक्त बनाऔं।" भन्नुभयो।

फेसबुकमा लाइभ स्ट्रिम गरिएको यस कार्यक्रममा, हिंसाबाट बचेकाहरूको चौतर्फी आवश्यकताहरु पूरा गर्न विद्यमान प्रणालीले नसक्ने हुँदा उनीहरुका लागि सुरक्षित स्थानको वकालत गर्दै एक अन्तरक्रियात्मक नाटक प्रस्तुत गरिएको थियो। कार्यक्रममा दलित महिला अधिकार मञ्चकी अध्यक्ष सावित्रा घिमिरे, बाल क्लब सदस्य सजिना परियार, सुदूरपश्चिम समाजका निरङ्ग चौधरी र धनगढीस्थित सेती प्रादेशिक अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रका डा. जगदीश बिष्टले प्यानल छलफल पनि गरेका थिए। जहाँ प्यानलिस्टहरूले नेपालमा लैंगिक हिंसाको संकट अन्त्य गर्न अझ धेरै कार्य तथा स्रोतहरू प्रतिबद्धताका लागि आह्वान गरे।

प्रश्नका लागि, सम्पर्क गर्नुहोस;
सिम्रिका शर्मा; फोनः ९८४१५९२६९२, ईमेल:simrika.sharma@un.org
सुवेच्छा पौडेल; फोनः ९८५११०९१३६, ईमेल: Subeksha.poudel@unwomen.org
केनोशा कुमारेसान; फोनः ९८०१०५६०३३, ईमेल: kumaresan@unfpa.org

**सम्पादकीय टिप्पणी**

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान हरेक वर्ष गरिने एक अन्तर्राष्ट्रिय अभियान हो। प्रत्यक वर्ष नोभेम्बर २५, देखी डिसेम्बर १० सम्म  अन्तर्राष्ट्रिय महिला हिंसा उन्मूलन दिवस मनाइन्छ। यसको सुरुवात सन् १९९१ मा विमन्स ग्लोवल लिडरसिप ईन्स्टिच्युटका अभियान्ताहरूद्वारा गरिएको थियो र सेन्टर फर विमन्स ग्लोवल लिडरसिपले प्रत्येक वर्ष यस अभियानको समन्वय गर्ने गर्दछ। महिला तथा बालिकाहरू विरुद्ध हुने हिंसाको रोकथाम र उन्मूलनका लागि  विश्वभरका व्यक्ति तथा संगठनहरू द्वारा यस अभियानलाई एक संगठित रणनीतिको रूपमा प्रयोग गर्ने गरिन्छ।

विश्वव्यापी रुपमा संचालित एकीकृत कार्यक्रमको विषयमा रूपमा, UNiTE अभियानले महिला र बालिकाहरू विरुद्ध हिंसामुक्त, उज्ज्वल भविष्यको प्रतिनिधित्व गर्नका लागि सुन्तला रङको प्रयोग गरेको छ। नेपालस्थित संयुक्त राष्ट्रसंघ आवासीय समुह (UNCT) ले १६ दिने अभियानको अवसरमा नेपालभर सचेतना अभिवृद्धि र पैरवी अभियानहरु सञ्चालन गर्दै आएको छ। जसमध्ये स्मारक र प्रादेशिक भवनहरू सुन्तला रंगमा रंगाउने, चलचित्र, सामाजिक सञ्जाल र रेडियो अभियानहरूमार्फत नेपालभरीका दर्शकहरूलाई समेट्ने जस्ता केही प्रमुख गतिविधिहरू थिए।